जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ७८ २०७७ साल कात्तिक ३ गते सोमबार (19 Oct. 2020 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : महिला हिंसा र ... ३ पृष्ठमा : निजगढ-काठमाडौं द्रुतमार्गसँग़ ३ पृष्ठमा : भारतमा कोभिड-१९ संक्रमितको...

# ब्राउन सुगरसहित दुई कारोबारी पक्राउ





*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

सप्तरी प्रहरीले पहिलो पटक लागु औषध ब्राउन सुगरसहित दुई कारोबारीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ७ का २७ वर्षिय भरत शर्मा र १९ वर्षिय निरज शर्मा छन् । नातामा उनीहरु दाजुभाई हुन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले आइतबार बिहान पत्रकार सम्मेलनको आयोजना गरि पक्राउ परेकाहरुका साथबाट ५० ग्राम ब्राउन सुगर बरामद गरिएको जानकारी दिएको छ ।

ब्राउन सुगरको कारोबार गर्दै आएका शर्मा दाजुभाईलाई शनिबार साँझ जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका ५ स्थित बकधुवा-महदेवा सडकखण्डबाट इलाका प्रहरी कार्यालय कंचनपुरको टोलीले पक्राउ गरेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

बिशेष सुचनाको आधारमा स.७प. १८६५ नम्बरको मोटरसाइकल चढेर महुलीतर्फ आउँदै गर्दा इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक नरेश कुमार सिंहको नेतृत्वमा खटिएको टोलीले चेकजाचको क्रममा दुबैजनालाई पक्राउ गरेको प्रहरी उपरिक्षक धमलाले बताए ।

शर्मा दाजुभाईको साथबाट कालो प्लाष्टिकको ५ वटा पातलो झोलामा प्याक गरि राखिएको १०/१० ग्राम गरि कुल ५० ग्राम ब्राउन सुगर, दुई थान मोबाइल र नगद ६ हजार ९ सय रुँपैया बरामद गरेको छ । बरामद ब्राउन सुगरको ४ लाख भन्दा बढी मुल्य पर्ने अनुमान गरिएको छ ।

यता पक्राउ परेका शर्मा दाजुभाईले आफूहरु विगत एक वर्षदेखी सो कारोबारमा लागेको बयान दिएका छन् । प्रहरीका अनुसार शर्मा दाजुभाईले भारत बिहार राज्यको सिपौल जिल्ला निवासी सुशान्त भन्ने व्यक्तिबाट ब्राउन सुगर खरीद गरि ल्याउने र नेपालको सुनसरी, उदयपुर, पोखरा र काठमाडौं लगायतका स्थानमा सप्लाई गर्ने गरेको अनुसन्धानका क्रममा खुलेको छ ।

प्रहरी उपरिक्षक धमलाले पक्राउ परेका शर्मा दाजुभाईलाई आइतबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई लागुऔषध ऐन २०३३ अनुसार आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको जानकारी पनि दिए ।

# पूर्वमन्त्री डा. यादवको निधन

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

पूर्वमन्त्री डा. डम्बरनारायण यादवको आइतबार उपचारका क्रममा निधन भएको छ ।

सप्तरीको महदेवा गाउँपालिका ३ बथनाहा निवासी ८६ वर्षिय पूर्वमन्त्री डा यादवको विराटनगरस्थित विराट नर्सिङ होममा उपचारका क्रममा निधन भएको हो ।

केही वर्षअघि मुटुको बाइपास सर्जरी गराएका डा. यादवको

*बाँकी तीन पृष्ठमा*

**शुभकामना**

हिन्दुहरुको महान चाडपर्व वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**राजविराज दैनिक, परिवार**



# निजगढ-काठमाडौँ द्रुतमार्गसँग मदन भण्डारी मार्ग जोडिने

वाग्मती, २ कात्तिक (रासस)।

निजगढ-काठमाडौँ द्रुतमार्गसँग हेटौँडा-काठमाडौँ मदन भण्डारी मार्गलाई जोड्नका लागि अध्ययन थालिएको छ। वाग्मती प्रदेश सरकारले काठमाडौँ-निजगढ द्रुतमार्गसँग मदन भण्डारी मार्गलाई जोड्न प्रस्ताव गरेपछि सङ्घीय सरकारले त्यसको अध्ययन थालेको हो।

सरकारले प्रदेशले सुरुङसहित विस्तार गरिरहेको मार्गलाई द्रुतमार्गसँग जोड्नका लागि सम्भावित बिन्दुको खोजी शुरु गरेको छ। सङ्घीय सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गरिरहेको काठमाडौँ-निजगढ द्रतमार्गसँग मकवानपुरको भीमफेदी गाउँपालिका-८ र इन्द्रसरोवार गाउँपालिका-३ को कोगटेदोभानमा जोड्न सके हेटौँडा-काठमाडौँको सडक दूरी ५४ किलोमिटरमा छोटिने भन्दै प्रदेश सरकारले प्रस्ताव गरेको थियो।

प्रदेशको प्रस्तावपछि नेपाल सरकारले कार्यदल नै बनाएर अध्ययन थालेको छ। सरकारका तर्फबाट एक दिनअघि मात्रै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा पुष्पराज कँडेल र प्रधानमन्त्रीका विकासविज्ञ गजेन्द्र थपलियाले दुई मार्गलाई जोड्न सकिने सम्भावित विन्दुको अवलोकन गर्नुभएको थियो। अवलोकनपछि राससँग कुरा गर्दै उपाध्यक्ष डा कँडेलले द्रुतमार्गको प्रारम्भमा यसमार्गसँग जोडिने अन्य कुनै मार्गको परिकल्पना नगरिएकाले नयाँ परिस्थिति सिर्जना भएको बताउनुभयो। उहाँले द्रुतमार्ग अनुगमन समितिले द्रुतमार्ग निर्माणको क्रममा प्रदेश सरकारसँग समन्वय गर्ने निर्णय गरेको बताउनुभयो। समितिले प्रदेशसँग समन्वय गर्नुपर्ने भनेकाले नै आफूहरू अवलोकन र अध्ययनका लागि आएको उहाँको भनाइ थियो।

पहिलो चरणमा व्यवहारिक र सामान्य अवलोकन गरिएको उल्लेख गर्दै उपाध्यक्ष डा कँडेलले अब प्राविधिक अध्ययन गरेर मात्रै द्रुतमार्गसँग मदन भण्डारी मार्गलाई कहाँ र कसरी जोड्न सकिन्छ टुङ्गो लाग्ने बताउनुभयो। उहाँले दुई द्रुतमार्गलाई जोड्नु उपयुक्त हुने र त्यसका लागि प्राविधिकहरूको अध्ययनले अन्तिम निष्कर्ष निकाल्ने उल्लेख गर्नुभयो।

प्रधानमन्त्री केपी शर्मा ओलीका विकासविज्ञ गजेन्द्र थपलियाले प्रदेश सरकारले मदन भण्डारी मार्गअन्तर्गत विभिन्न सडकखण्डलाई फाराकिलो बनाउने, मोड घटाउन सुरुङ खन्ने र दूरी कम गर्न द्रुतमार्गसँग पहुँच स्थापना गर्ने कामका लागि थालेको पहल विकास निर्माणको आवश्यक प्रक्रिया भएकाले नेपाल सरकारले यसमा सहयोग र सहकार्य गर्ने बताउनुभयो। "प्रदेशले हेटौँडा-काठमाडौँको दूरी ५४ किलोमिटरमा छोट्याउने जुन लक्ष्य लिएको छ, त्यो सरहानीय छ, नेपाल सरकारले यसलाई सहयोग गर्छ", विज्ञ थपलियाले भन्नुभयो।

मदन भण्डारी मार्गमा सुरुङ निर्माणसहित स्तरीकरण गर्ने र द्रुतमार्गसँग जोड्ने प्रदेश सरकारको योजना रहर नभएर टट्कारो आवश्यकता रहेको मुख्यमन्त्री डोरमणि पौडेल बताउनुहुन्छ। हाल पूर्वी नेपाल र तराईका साना सवारीबाहेकका सवारी साधन हेटौँडाबाट ७६ किलोमिटर नारायणघाट र त्यहाँबाट १५२ किलोमिटर काठमाडौँ गरी २२८ किलोमिटर लामो यात्रा गर्न बाध्य रहेको उहाँको भनाइ छ। ५४ किलोमिटरको बाटो स्तरीकरण गरी सबै प्रकारका सवारी साधनको आवागमन गराउन सकिने र दीर्घकालीनरूपमा राज्यलाई लाभ हुने उहाँ बताउनुहुन्छ।

प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुँयाल सुरुङबाहेक मदन भण्डारी मार्गको स्तरीकरणको सम्पूर्ण काम धमाधम भइरहेको बताउनुहुन्छ। सडक फराकिलो बनाउने, पर्खाल लगाउने र सम्याउने काम भइरहेको र चाँडै नै कालोपत्रको काम शुरु हुने उहाँको भनाइ छ। उहाँले प्रदेश सरकारले गौरवको योजनाको रूपमा सुरुङसहित स्तरीकरणको काम गर्न लागेको र भैँसे-भीमफेदी सडक विस्तारको योजनासमेत कार्यान्वयनको चरणमा रहेको उल्लेख गर्नुभयो।

# पाठ्यक्रम कार्यन्वयन सम्बन्धि पाँच दिने तालिम सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक।**

एकिकृत पाठ्यक्रम कार्यन्वयन सम्बन्धि पाँच दिने अभिमुखीकरण तालिम आइतबारदेखी सुरु भएको छ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ स्थित भुपेन्द्र सस्कृत माबि बिद्यालय सखडामा आयोजित एकिकृत पाठ्यक्रम कार्यन्वयन सम्बन्धि तालिममा १३ जना पुरुष र ६ जना महिला शिक्षक, शिक्षिकाहरुको सहभागिता रहको छ।

छिन्नमस्ता गाउँपालिकाको समन्वय तथा सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले आयोजना गरेको एकिकृत पाठ्यक्रम कार्यन्वयन तालिम कातिक २ देखि ६ गते सम्म चल्ने सेभ द सप्तरीका फिल्ड अधिकृत मुकेश कुमार मण्डलले जानकारी दिए।



सो तालिममा छिन्नमस्ता गाउँपालिकाका १९ वटा समुदायिक बिद्यालयका शिक्षक, शिक्षकाहरुले तालिम लिइरहेको सेभ द सप्तरीले जनाएको छ।

तालिम सुरुवाती कार्यक्रममा छिन्नमस्ता गाउँपालिका शिक्षा संयोजक सन्तोष राय, सेभ द सप्तरीका फिल्ड अधिकृत मुकेश कुमार मण्डल, कार्यक्रम सुपरभाईजर रामचन्द्र यादव, समुदायिक परिचालक बद्री नारायण मण्डल, चम्पा शर्मा र रुभा मण्डल लगायतका उपस्थिति रहेको थियो।

तालिममा सुरुङगा नगरपालिकाका शिक्षा अधिकृत भोगेन्द्र कुमार यादव र सहयोगि दिप कुमार यादवले सहजिकरण गर्दैछन्।

### *पूर्वमन्त्री डा. ...*

मस्तिष्कघातका कारण निधन भएको उनका भतिजा अजयले जानकारी दिएका छन्।

लामो समयदेखी काठमाडौँमा बसोबास गर्दै आएका डा. यादव एक महिनाअघि आफ्नो पुर्खौली घर बथनाहा आएका थिए।

चार दिनअघि अचानक बेहोस भएका उनलाई उपचारका लागि विराटनगर लगिएको उनका भतिजा अजय यादवले जानकारी दिए।

यादव २०३६ साल जेठ १८ गते तत्कालिन प्रधानमन्त्री सूर्यबहादुर थापा नेतृत्वको मन्त्रिमण्डलमा शिक्षा राज्यमन्त्री थिए। यसैगरी २०४० साल असार २९ गते लोकेन्द्रबहादुर चन्द नेतृत्वको मन्त्रिमण्डलमा उनी स्वास्थ्यमन्त्री थिए।

प्रजातन्त्र स्थापनापछि नेपाल सद्भावना पार्टीमा सक्रिय रहेका यादव मधेशी नागरिक समाजको अध्यक्षको हैसियतामा सामाजिक कार्यमा संलग्न थिए।

### *सवारी दुर्घटनामा ...*

अनुमान गरेको छ। गाडी सडकबाट करिब एक किलोमिटर मिटर तल खसेको छ। उनीहरू सबै जना भारतबाट दशैँ मनाउन घरतर्फ आउने क्रममा भैरहवा क्वारेन्टिनमा बसेर गाडी रिर्जभ गरी आएको बुझिएको छ।

# सहयोद्धा संस्थाको एक घर एक पिसिआर अभियान सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक।**

सहयोद्धा नामक संस्थाले राजविराज नगरपालिकालाई केन्द्रित गरेर सुरु गरेको एक घर एक पिसीआर अभियान आइतबार सम्पन्न गरेको छ।

राजविराज नगरपालिका वडा नं. ५ मा पिसीआर परीक्षणको लागि स्वाब संकलन गरी सो अभियान सम्पन्न गरेको हो।

समुदाय स्तरमा फैलिएको कोरोना संक्रमणलाई नियन्त्रण गर्न सुरु गरिएको अभियान अन्तर्गत वडा नं. ८, वडा नं. २ र वडा नं. १२ मा स्वाव संकलन गरिएको थियो।

एक घरबाट कम्तिमा एक जनाको परिक्षण गर्ने उद्देश्य राखेर संचालित कार्यक्रममा जम्मा २ सय ५० नमुना स्वाब संकलन गरिएको कार्यक्रम संयोजक नितिश दास बताए।

कार्यक्रममा प्रमुख अतिथी राजविराज नगरपालिकाका प्रमुख शम्भु यादवले नगरभित्र महामारी तिब्रता लिइरहेको समयमा सहयोद्धाका युवाहरु संकटका बेला कोरोना भाईरस (कोभिड-१९) का संक्रमितहरुलाई उत्साह भर्ने काम गरेको भन्दै प्रशंसा व्यक्त गरे।

महामारीमा पनि आफ्नो ज्यानको प्रभा नगरी अहोरात्र अग्रपंक्तिमा खटिएका राजविराज नगरपालिकाका प्रमुख शम्भु यादवसहित जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रञ्जित झा, डा. पुनम यादव, स्वाब संकलन गर्ने ४ जना स्वास्थ्यकर्मी तथा गजेन्द्र नारायण सिंह अस्पतालको ल्याबमा खटिएका १२ जना स्वास्थ्यकर्मीहरुलाई सहयोद्धाले सम्मान गरेको सहयोद्धाको सचिव प्रतिष्ठा यादवले बताए।

# दम्पतीमाथि धारिलो हतियारले आक्रमण

रौतहट, २ कात्तिक (रासस)।

मौलापुर नगरपालिका वडा नं ५ पतौरा गाउँका ३५ वर्षीय हरेन्द्र साह र उनकी श्रीमती शिला देवीमाथि धारिलो हतियारले साङ्घातिक आक्रमण भएको छ। धारिलो हतियारको आक्रमणले हरेन्द्रको दाहिने कानका छेउमा र पत्नीको दाहिने पाखुरामा गम्भीर घाउ लागेको छ।

उनीहरूलाई गम्भीरावस्थामा तत्कालै उपचारका लागि गए राति एम्बुलेन्सबाट एलएस न्युरो अस्पताल वीरगञ्ज पठाइएको छ। रातभरिको उपचारपछि दुवैको अवस्था सुधार हुँदै गएको जिल्ला प्रहरी प्रवक्ता भरत श्रेष्ठले जानकारी दिनुभयो।

राति १ बजे साह दम्पती सुतिरहेका अवस्थामा अज्ञात मानिसले दुवैमाथि धारिलो हतियारले आक्रमण गरेको थियो। आक्रमणको ठोस कारण खुल्न नसके पनि घटनास्थलको प्रकृतिअनुसार साहका घरमा चोरी गर्ने उद्देश्यले चोर आएको र जाग्राम भएपछि आफू बच्नलाई दम्पतीमाथि आक्रमण गरेर भागेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ।

प्रनाउ श्रेष्ठले घरमा चोर देखेर शिलादेवीले होहल्ला गर्दा उनमाथि पहिले र हरेन्द्र उठ्दा उनीमाथि पछि आक्रमण भएको बताउँदै घटनामा संलग्नको खोजी तथा अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

## विश्व समाचार

### भारतमा कोभिड-१९ संक्रमितको संख्या ७४ लाख ९४ हजार नाघ्यो

नयाँ दिल्ली, २ कात्तिक (रासस/सिन्ह्वा)।

भारतमा आइतबार कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितको संख्या ७४ लाख ९४ हजार नाघेको छ। आइतबार बिहानसम्म प्राप्त समाचारअनुसार भारतमा कोरोना सङ्क्रमित संख्या ७४ लाख ९४ हजार ५५२ भएको छ। यस सङ्क्रमणबाट ज्यान गुमाउने व्यक्तिको संख्या एक लाख १४ हजार ३१ जना पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

भारतमा गत २४ घण्टामा ६१ हजार ८७१ जनामा थप सङ्क्रमण देखिएको र कोरोना सङ्क्रमणको कारण एक हजार ३३ जनाको मृत्यु यहाँको परिवार तथा स्वास्थ्य मन्त्रालयलले जानकारी दिएको छ।

अझै पनि भारतभरी सात लाख ८३ हजार ३११ व्यक्ति सक्रिय सङ्क्रमित रहेका छन्। कोरोनाको सङ्क्रमण देखापरेयता हालसम्म ६५ लाख ९७ हजार २१० जना सङ्क्रमित व्यक्ति कोरोना भाइरस मुक्त भएका छन्। सङ्क्रमणमुक्त भएकाको संख्यामा भारत अग्रस्थानमा रहेको छ।

भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या अहिले आठ लाखभन्दा कम भएको छ। यसअघि नौ, दश लाख सङ्क्रमित रहने गरेकोमा अहिले घटेर आठ लाखभन्दा कम भएको अधिकारीले जनाएका छन्।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शनिबार दिएको जानकारीअनुसार पछिल्लो ४५ दिनयता सङ्क्रमित अवस्थामै रहेकाको यो सङ्ख्या अहिलेसम्मकै कम हो।

कोरोनाको सङ्क्रमण भारतमा शनिबारसम्म नौ करोड ४२ लाख २४ हजार १९० व्यक्तिलाई कोरोना भाइरस भएको या नभएको परीक्षण गरिएको भारतीय मेडिकल रिसर्च काउन्सिल (आइसीएमआर)ले जानकारी दिएको छ।

जोन्स हकिन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरणअनुसार कोरोना भाइरसको सङ्क्रमणको कारण विश्वभरि हालसम्म ११ लाख भन्दा बढीको मृत्यु भएको छ, ।

विश्वभरि महामारीका रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) का कारण विश्वमा तीन करोड ९९ लाख ५९ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

कूल सङ्क्रमितमध्ये दुई करोड ९८ लाख ६१ हजार ७६५ जना सङ्क्रणमुक्त भइसकेको विश्वविद्यालयले जनाएको छ।

### विश्वमा कोभिड-१९ संक्रमितको संख्या तीन करोड ९५ लाख नाघ्यो

वासिङ्टन, २ कात्तिक (रासस/एएनआइ)।

विश्वमा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमितको संख्या तीन करोड ९५ लाख नाघेको जोन्स हप्किन्स विश्व विद्यालयले दिएको पछिल्लो अपडेटमा जनाएको छ।

उक्त विश्वविद्यालयका अनुसार विश्वभरी तीन करोड ९५ लाख दुई हजार ९०९ जना कोभिड-१९ सङ्क्रमित भएका छन्। यस सङ्क्रमणको कारण विश्वभरी ११ लाख छ हजार ७०५ व्यक्तिको मृत्यु भएको पनि सो विद्यालयले जानकारी दिएको छ।

यसैबीच विश्वभरी रहेका कुल सङ्क्रमितमध्ये दुई करोड ७१ लाख ४८ हजार ९२७ व्यक्ति कोरोना भाइरस मुक्त भएका बताइएको छ।

कोरोना भाइरसको कारण सबभन्दा बढी प्रभावित देश संयुक्त राज्य अमेरिकामा ८० लाख ८६ हजार ७८० व्यक्ति सङ्क्रमित रहेका छन्।

कोरोना सङ्क्रमणबाट सबैभन्दा धेरै नागरिकको मृत्यु हुने देशमा पनि अमेरिका पर्दछ। उक्त विश्वविद्यालयका अनुसार कोरोना सङ्क्रमणबाट अमेरिकामा दुई लाख १८ हजार ८० जनाको मृत्यु भएको छ।

उक्त विश्वविद्यालयको तथ्याङ्कअनुसार अमेरिकामा पछिल्ला दिनमा पनि ठूलो संख्याका सङ्क्रमित थपिने गरेका छन्। यद्यपी अमेरिकामा ३१ लाख ९७ हजार ५३९ व्यक्ति कोरोना भाइरस मुक्त भएका पनि विश्वविद्यालय जनाइएको छ।

कोरोना भाइरस सङ्क्रमणबाट भारत र ब्राजिल दोस्रो र तेस्रो स्थानमा परेको छ। भारतमा ७४ लाख ३२ हजार ६८० जना कोरोना भाइरस सङ्क्रमति रहेका छन् भने ब्राजिलमा ५२ लाख ३०० व्यक्ति कोरोना सङ्क्रमित रहेका विश्वविद्यालयले जनाएको छ। रुस चौथो स्थानमा रहेको यहाँ १३ लाख ७६ हजार २० जना सङ्क्रमित रहेका छन्।

विश्वको तुलनामा सङ्क्रमणमुक्त भएकाको संख्यामा भारत अग्रस्थानमा रहेको छ। भारतमा ६५ लाख २४ हजार ५४९ व्यक्तिलाई कोरोना भाइरस निको भएको छ। विश्व स्वास्थ्य संगठनले गत मार्च ११ कोभिड-१९लाई 'विश्व महामारी'को घोषणा गरेको थियो।

### अफगानिस्तानमा भएको झडपमा सात सैनिक र पाँच तालिबानको मृत्यु

कुन्दुज, २ कात्तिक (रासस/एएनआइ)।

अफगानिस्तानको उत्तरी प्रान्त कुन्दुजको सहिब जिल्लामा शनिबार राति अफगानिस्तानको सुरक्षा अधिकारी र तालिबानी लडाकूबीच भएको झडपमा परी सात जना सैनिक मारिएका छन्।

सो झडपमा परेर अरु कम्तीमा पनि पाँच जना तालिबानी लडाकूको मृत्यु भएको एक स्थानीय अधिकारीले आइतबार पुष्टि गरेका छन्।

कुन्दुज प्रान्तको इमाम साहिब जिल्लामा भएको झडपमा परी ती सैनिक मारिएका अधिकारीले जानकारी दिएका छन्। उनीहरुका अनुसार उक्त क्षेत्रमा रहेको सुरक्षा जाँच चौकीमा ठूलो संख्यामा आएका लडाकूले हातहतियारले आक्रमण गरेपछि दोहोरो भीडन्त भएको थियो।

सो भीडन्तका क्रममा ती सैनिक मारिएका बताइएको हो। त्यसैगरी सो झडपका क्रममा अरु पनि केही सैनिक घाइते भएका पनि बताइएको छ। उक्त जिल्लामा केही दिनयतादेखि तालिबानी लडाकूहरुले निरन्तर आक्रमण गर्दै आएका छन्। उता कतारको दोहामा अफगान सरकार र तालिबानीबीच शान्ति वार्ता जारी रहेको छ तर पनि यता भने तालिबानीले आक्रमण गर्न छोडेका छैनन्।

# कोरोनाबाट प्रभावित अतिबिपन्न २ सय ५२ परिवारलाई राहत बितरण




**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

कोरोना भाइरसको महामारीका कारण खाना खान समस्यामा रहेको २ सय ५२ जना गरिब अतिबिपन्न परिवारलाई आइतबार खाद्यन्न सामग्री बितरण गरिएको छ ।

सेभ द सप्तरी र सेभ द चिल्ड्रेनको साँझेदारीमा राजविराजमा आइतबार जिल्लाको बिष्णुपुर गाउँपालिका ६ मा ४३ जना परिवार, छिननमस्ता गाउँपालिका वडा नं. ७ का ८३ जना परिवार र राजविराज नगरपालिका वडा नं. १४ का १ सय २६ जना परिवारलाई सो राहत बितरण गरिएको हो ।

सेभ द सप्तरीका कृषि प्राविधिक राम कुमार साहले कोभिन्ड १९ का कारण खाना खान समस्यामा रहेको उनीहरुलाई १५ केजी पिठो, ७५ केजी चामल, १० केजी मुसरोका दाल, ५ लिटर खाने तेल, ६ प्याकेट नुन, ५ थानका दरले नुहाउने साबुन, ५ थान कपडा धुने साबुन लगायतका खाद्यन्न समाग्री बितरण गरिएको जानकारी दिएका छन् ।

प्रति परिवार रु ८ हजार ६ सय २५ रुपैयाका दरले २ सय ५२ जनालाई करिब २१ लाख ६३ हजार ५ सय मुल्य बराबरको खाद्यान्न बितरण गरिएको सेभ द सप्तरीले जनाएको छ ।

त्यस्तै सोही कार्यक्रममा २ सय ६५ जना बालबालिकाहरुलाई एजुकेशनल किट समेत बितरण गरिएको छ । सो क्रममा प्रत्येकलाई ब्याग १ थान, स्टेशनरी समान, बिद्यालयका पोसाक लगायतका समानहरु बितरण गरिएको छ ।

सो राहत बितरण कार्यक्रममा सेभ द चिल्ड्रेनका बरिष्ठ कार्यक्रम संयोजक अरुण महतो, जिविको उपार्जन कार्यक्रमका संयोजक इन्द्र हायु, सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देव, कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरी, फिल्ड अधिकृत सत्यनारायण थारु, बिद्या मण्डल, सुपरभाइजर मनिता घिमिरे, भुपेन्द्र सदा लगायतका उपस्थिति रहेको थियो ।

यसअघि शनिवार पनि बिष्णुपुर गाउँपालिका ६ रंजितपुरका ४३ जना गरिब तथा अतिबिपन्न परिवारलाई पनि राहत बितरण गरिएको थियो ।

# आयूर्वेद स्वास्थ्य केन्द्रद्वारा अनुगमन

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र राजविराजले आइतबार सदरमुकाम राजविराजका १५ वटा आयूर्वेद पसलहरुमा अनुगमन गरेको छ ।

अनुगमनका क्रममा पसलहरुमा म्याद गुज्रेका आयूर्वेद, होमियोप्याथिक लगायतका केही औषधीहरु बरामद गरिएको स्वास्थ्य केन्द्रका प्रमुख डा. शिवशंकर यादवले जानकारी दिएका छन् ।

अनुगमन गरिएका पसलहरुको दर्ता तथा सम्पूर्ण आवश्यक कागजातहरु दुरुस्त भेटिएको र म्याद गुज्रिएका औषधी राख्ने पसल संचालकहरुलाई एक पटकका लागि सचेत गराएको प्रमुख डा. यादवले बताए ।

सो अनुगमन टोलीमा आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुखसहित कर्मचारी र सुरक्षाकर्मीहरुको सहभागिता रहेको थियो ।

# छिन्नमस्तामा सामाजिक रुपान्तरणका लागि युवाहरुको अभियान सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

"सामाजिक रुपान्तरणमा युवाहरुको अभियान" को नामबाट सप्तरीको छिन्नमस्ता गाउँपालिकामा भइरहेको हरेक व्यथितीहरुको बारेमा एक महाअभियानको थालनी गरेको छ ।

सम्रग रुपमा समस्या मात्रै नभई समाधन र गाउँपालिकाको स्तर माथि उठाउन अभियानले आफ्नो गतिविधिहरुको विधिवत रुपमा सप्तरीको छिन्नमस्ता गाँउपालिकास्थित भुपेन्द्र संस्कृत माध्यमिक विद्यालयको सभाहलमा एक औपचारिक कार्यक्रम गरी आइतबारबाट शुरुवात गरेको हो ।




अभियानका संयोजक कृष्ण मण्डलले विगतको वर्षहरुमा गाँउपालिकामा भएको अनियमितता, खर्च गर्ने नसक्ने परिपाटी, कर्मचारीहरुको पदपुर्ती तथा करारको कर्मचारीहरुको हालीमुहाली, आफ्नौ भवन बनाउन नसकेको, समयमा गाँउसभा गर्ने नसकेको, विकास निर्माणकार्यहरु गर्ने नसकेको, जिन्सी सामानहरु हिनामिना भएको, कार्यालय व्यवस्थापन गर्ने नसकेको, जातिगत नाराले मतभेद उत्पन्न भएको, अध्यक्ष उपाध्यक्षको गैर जिम्मेबारीपन एवं वडा अध्यक्षहरुको मनमानी, गाँउ भेलानगरी अहिले सम्म गर्दै आएको असारे विकासको उपलब्धि शून्य रहेको तथा प्रतिपक्षदल समेत आफ्नौ जिम्मेबारी बहन गर्ने नसकेको अवस्थामा सामाजिक रुपान्तरमा युवाहरुको महाअभियानले छिन्नमस्ता गाँउपालिकाको हरेक क्षेत्रमा विकासको गति लिने कुरा दाबी गरेका छन् ।

त्यसैगरी आउदो दिनमा गापाको शिक्षा, स्वास्थ्य, कृषि, बेरोजगारी, आयुर्वेद, भेटनरी, पोषण, सरसफाई, विकास पुर्वाधार, सडक, विद्युत, खानेपानी, शिपमुलक कार्यक्रमहरुको साथै विभिन्न किसिमको जनचेतनामुलक कार्यक्रमहरुको साथ साथै भण्डाफोर गाँउगाँउमा गई भण्डाफोर तथा जनचेतामुलक कार्यक्रहरु गरी उक्त कार्यक्रमहरु गरी अगाडि बढाउने कुराहरुमा कार्यक्रममा सहभागीहरुले जोड दिएका थिए ।

अभियानको आयोजना तथा अभियानको संयोजक कृष्ण मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अभियानको कपिलदेव मुखिया, उदय मण्डल, कुलदिप साह, योगेन्द्र यादव, प्रदिप मण्डल, रघुनन्दन यादव, मुस्ताक आलम, धर्मदेव यादव, ऋृषिकेश ठाकुर, चन्द्रजित साह, उमेश मण्डल, मिथलेश सुतिहार, सान्तोष साह, देवकान्त मण्डल, उमेश साह, संजिव शर्मा, गुञ्जेश्वर चौधरी, जयप्रकाश मण्डललगायत तीन दर्जन भन्दा बढी युवाहरुको सहभागिता रहेको थियो ।

सोही कार्यक्रममा बडा दशै, शुभदिपावली तथा छठ पर्वको अवसरमा यूवाहरुले शुभकामना आदान प्रदान समेत गरेका थिए ।


## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*